# विदेह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तिनकौरिया,धनुषा
(रोजगार सेवा केन्द्र )

पत्र सँख्या :-२०८२।०८३
चलानी नं.:-

मधेश प्रदेश, नेपाल

मिति २०८३।०१।२३

**बिषयः सीपमूलक तालिमका लागि आवेदन दिने सम्बन्धि सूचना**

प्लान ईन्टरनेशनल नेपाल र जानकी महिला जागरण समाज (JWAS) को संयुक्त साझेदारी तथा यस **बिदेह नगरपालिका** सँगको समन्वयमा यस पालिकामा संचालित **शसक्त बालिका** परियोजना अर्न्तगत १८ देखी २४ बर्ष उमेर समुहका युवा महिला तथा पुरुषहरुलाई रोजगार तथा स्वरोजगार बनाउने उद्देश्यले तपसिलमा उल्लेखित बिषयमा **निशूल्क व्यपार-व्यवसाय सम्बन्धी सीपमुलक तालिम** संचलान गरिने भएको हुँदा यस नगर/गाउँ पालिकामा स्थायी रुपमा बसोवास गर्ने युवा महिला तथा पुरुषहरुले यो सुचना प्रकाशित भएको मितिले १० दिन भित्र आफूले सिक्न चाहेको सीपमूलक तालिमको बिषय प्राथमिकताको अधारमा ३ वटासम्म उल्लेख गरी यस पालिकाकाको रोजगार शाखा/उद्यम विकास शाखामा यसै सूचनाको साथ संलग्न फारम ढाँचामा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वा नागरिकताको प्रतिलिपी पछि पेश गर्ने भएमा जन्म मिति र नाम खुल्ने जन्मदर्ता अथवा जन्म सिफारिस पत्र, स्पोन्सर खुल्ने कार्डको प्रतिलिपि आदि।
२. तोकिएको ढाँचा अनुसारको दरखास्त फाराम

**संचालन गरिने सीपमुलक तालिमहरुको विवरणः**

| स्वरोजगारमलक तालिमहरु | |
|---|---|
| व्यपार-व्यवसाय (बुटिक, जेनरल स्टोर, फ्यान्सी पसल, कपडा पसल, फेस हाउस, फेस हाउस, किराना पसल, जुता पसल, फलफुल पसल, मिठाई पसल , चाउमिन/मम/मन्चुरीयन पसल, हरीयो सागसब्जी पसल, माछा पसल) | कुखुरा/लोकल कुखुरा पालन , हास पालन, मत्स्य पालन, बाख्रा पालन, गाई पालन |
| टपरी वनाउने(पेपर पिलेट) | मसला /सातु बनाउने मसिन |
| अटो ड्राइभिङ्ग(महिला मात्र) | अगरबत्ति बनाउने, दालमोट चिप्स बनाउने, वेकरी |
| दुग्ध कलेक्शन सेन्टर | सिकर्मी |

**पूनश्चः**

- माथि उल्लेखित विषयहरुमा तालिमहरु सञ्चालनका लागि कम्तिमा ७ जना सहभागी हुनुपर्ने भएकोले यदि कुनै सहभागीले पहिलो प्राथमिकतामा छनोट गरेको विषयमा ७ जना सहभागी नपुग्ने भएमा दोश्रो वा आवश्यक्ता अनुसार तेश्रो विकल्प समेत छान्नु पर्ने हुन सक्छ। साथै सहभागी संख्याहरु अपुग भएमा वा परिस्थिति जन्य बाध्यताले उल्लेति तालिमहरुमध्ये कुनै तालिम सच्चालन नहुन पनि सक्नेछन्।
- यस पालिकामा प्लान नेपालको अन्य साझेदारसंस्थाहरुवाट यस्तै प्रकृतिको अन्य कार्यक्रममा सहभागी भएको आवेदकलाई अन्तिम नामावली छनोटमा प्राथमिकतामा राखिने छैन।
- दलित, जनजाति, पछाडि परेको समुदाय, अपाङ्गता भएको व्यक्ति तथा स्पोन्सर बालबालिकाको परिवारलाई सीपमूलक तालिमको आवेदनका लागि प्रोत्साहन गरिन्छ साथै प्राप्त आवेदनहरुमध्येबाट अन्तिम नामावली तयार पार्दा त्यस्ता व्यक्ति तथा परिवारलाई प्राथमिकतामा राखिने छ। तालिमका लागि छनोट हुने सहभागीको अन्तिम नामावली छनोट र प्रकाशन पालिकाको रोजगार/उद्यमशिलता विकास शाखामार्फत हुनेछ।
- अन्तिम नामावलीमा छनोटमा परेका सहभागीलाई सीपमूलक तालिमको लागि कुनै तालिम शूल्क लाग्ने छैन।
- व्यपार-व्यवसाय सम्बन्धी सीपमूलक तालिमका लागि आवेदन फारम यस साझेदार संस्था जानकी महिला जागरण समाज (JWAS) बाट निशूल्क उपलब्ध गराइने छ र फारम वितरण रोजगार/उद्यमशिलता विकास शाखामार्फत हुनेछ।
- नियमित कार्यक्रमअन्तर्गत यस अघि पालिकाको रोजगार शाखामा आवेदन दिएर सूचिकृत रहेका वेरोजगार १८–२४ वर्ष उमेर समूहका युवाहरुलाई समेत छनोटका लागि प्राथमिकतामा राखिने छ।

**सम्पर्क गर्ने तथा आवेदन पेश गर्नु पर्ने स्थानः**

**सम्पर्क गर्न सकिने व्यक्तिहरुः** विदेह नगरपालिकाको रोजगार संयोजक राकेश कुमार यादव सम्पर्क नं.९८०१६६६८७०/उद्यमशिलता विकास संयोजक तथा बिनय कु. झा , सम्पर्क नं ९८१९६३८३०१ (JWAS)

**आवेदन पेश गर्ने स्थानः** नगर कार्यपालिकाकाको कार्यालय अन्र्तगतको रोजगार/उद्यमशिलता विकास शाखा, सम्बन्धीत वडा कार्यालय

..................
**राकेश कुमार यादव**
**रोजगार संयोजक**

..................
**टोलराज उपाध्याय**
**प्रमुख प्रशासकीय अधिकृत**



CamScanner